# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल


पत्र संख्या :- ०७९/०८०
चलानी नं :- १७८-शिरा

२०८०।०१।१८

श्री वडा कार्यालय/ विद्यालय/ अभिभावक/ विद्यार्थी,

.......... , टोखा नगरपालिका, काठमाडौं।

विषय: शैक्षिक सत्र २०८० का लागि छात्रवृत्ति सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा टोखा नगरपालिकाको नगर शिक्षा ऐन २०७५ को दफा ५९ को व्यवस्था अनुसार यस नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८० मा उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धमा यस नगरपालिकाको छात्रवृत्ति कार्यविधिमा व्यवस्था भए बमोजिम देहाय अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. छात्रवृत्तिका लागि प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा वडामा रहेका सबै संस्थागत विद्यालयको प्रिन्सिपलहरु सदस्य रहेको एक **वडा छात्रवृत्ति संयोजन समिति** गठन गर्ने र आवश्यक संयोजन गरी कुनै विद्यालयमा के कति संख्या र के कस्ता अवस्थामा रहेका बालबालिकालाई छात्रवृत्तिका लागि छनोट गर्ने हो सोको कोटा निर्धारण गर्ने । विद्यालय वा सम्बन्धित वडामा मिति २०८०।०२।०३ गतेसम्म निवेदन सङ्कलन गर्ने । विद्यार्थीले पठनपाठन गर्न चाहेको विद्यालय र विद्यार्थीको अभिभावकको स्थायी बसोबास रहेको स्थानीय तह एउटै भए त्यसै तह वा वडाको सिफारिस र अलग भएमा स्थायी बसोबास रहेको स्थानीय तहबाट समेत सिफारिस राख्ने वा राख्न लगाउने । विद्यार्थी वा निजको अभिभावकले दिने निवेदनको ढाँचा यसैसाथ संलग्न छ ।

२. विद्यालयमा रहेको छात्रवृत्ति वितरण समितिले मिति २०८०।०२।३० भित्र छात्रवृत्तिमा सिफारिस हुने विद्यार्थी छनोट तथा वितरण कार्य सम्पन्न गर्ने र विद्यालयबाट छात्रवृत्ति सिफारिस गरिएको विवरण वडा तथा यस शाखामा पेस गर्ने गराउने ।

३. वडा कार्यालयबाट पहिलो संयोजन बैठकमा कुन कुन विद्यालयमा कति कति सङ्ख्याका विद्यार्थीलाई छात्रवृत्ति दिने हो सोको प्रक्रिया र आधार तय गरी विद्यार्थी वा अभिभावकलाई सूचना टाँस गरी निवेदन दिन लगाउने र दोस्रो बैठकमा वडाका सबै विद्यालयबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी माग गरी सम्बन्धित वडाको एकमुस्ट विवरण तयार गर्ने । सो विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने ।

४. हरेक विद्यालयले निम्नानुसारको विद्यालय छात्रवृत्ति वितरण समिति गठन गरी छात्रवृत्ति वितरणको व्यवस्था गर्ने गराउने ।

विद्यालय छात्रवृत्ति वितरण समिति

अ. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक
आ. सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य
इ. सम्बन्धित विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने अभिभावक सदस्यमध्ये १ जना - सदस्य (शिक्षक अभिभावक सङ्घ भए सोको अध्यक्ष राख्ने)
ई. शिक्षा, युवा तथा खेलकुद शाखाका प्रतिनिधि - सदस्य
उ. सम्बन्धित विद्यालयको प्रिन्सिपल - सदस्य सचिव

CamScanner

५. छात्रवृत्ति पाउने विद्यार्थीको संख्या २० जना वा सो भन्दा बढी भएमा छात्रवृत्ति वितरणलाई समावेशी बनाउन निम्न प्राथमिकता क्रम कायम गर्ने ।

क. टोखा नगरपालिकाबाट सिफारिस भएका १० प्रतिशत

ख. जेहन्दार ४० प्रतिशत,

ग. विपन्न २५ प्रतिशत,

घ. जनजाति र आदिवासी जनजाति ११ प्रतिशत,

ङ. दलित ५ प्रतिशत,

च. पिछडिएका क्षेत्र वा दुर्गम भेगका बालबालिका ३%

छ. अल्पसङ्ख्यक वा अपाङ्ग ३%,

ज. सहिद परिवार वा जनआन्दोलनका घाइते वा बेपत्ता परिवारको सन्तति वा मधेश आन्दोलनका घाइते वा बेपत्ता परिवारको सन्तति ३%

६. छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थी तथा अभिभावकको नाम थर, कक्षा तथा वर्ग सम्बन्धी विवरण सबैले देख्ने गरी विद्यालयको सूचनापाटीमा टाँस गर्न लगाउने र विद्यालयको वेबसाईट भएमा त्यसमा राखी सार्वजनिक गर्न लगाउने तथा एक एक प्रति वडा कार्यालय र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न लगाउने । साथै विवरण हर्ने चाहने व्यक्तिलाई निःशुल्क हेर्न दिनुपर्ने।

७. पेश गर्नुपर्ने कागजात

- तोकिएको ढाँचामा निवेदन
- स्थायी ठेगाना खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- विद्यालयमा विद्यार्थी भर्ना हुन दिएको दर्खास्त फारम
- कक्षा १ का लागि विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र तथा अभिभावकको नागरिकताको प्रतिलिपि
- जुन वर्ग वा समूहको प्रतिनिधित्व गर्ने हो सोको प्रमाण खुल्ने कागजात

बाबुराम गौतम
शाखा प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा

अनुसूची १अभिभावक वा विद्यार्थीले दिने निवेदनको ढाँचा

श्रीमान शाखा प्रमुख / वडाध्यक्ष / प्रधानाध्यापकज्यू मितिः २०८० / /

.............................. , टोखा नगरपालिका।

विषय : छात्रवृत्तिमा अध्ययन गर्न पाऊँभन्ने बारे ।

प्रस्तुत विषयमा निम्न विवरणसहित छात्रबृत्तिका लागि निवेदन पेश गरेको छु ।

१. विद्यार्थीको नाम, थर : लिङ्गः जन्म मितिः

२. विद्यार्थीको स्थायी ठेगानाः (क) प्रदेशः (ख) जिल्ला : (ग) स्थानीय तहको नाम र वडा :

३. विद्यार्थीको अस्थायी ठेगानाः (क) प्रदेशः (ख) जिल्ला : (ग) स्थानीय तहको नाम र वडा :

४. अभिभावकको नाम, थर र पेशाः

(क) बाबुको नाम थरः पेशा सम्पर्क नं.

(ख) आमाको नाम थरः पेशा सम्पर्क नं.

(ग) स्थानीय अभिभावकको नाम (भएमा): नाताः सम्पर्क नं.

५. आवेदन दिन चाहेको विद्यालयको नामः ठेगाना : किसिमः

६. यस अघि छात्रवृत्तिको विवरणः (क) पाएको /नपाएको (ख) छात्रवृत्तिको किसिमः (ग) सुविधा रकमः

७. छात्रवृत्तिमा पढ्न चाहेको (क) कक्षाः (ख) तल्लो कक्षा र जिपिएः (ग)यस अघिको विद्यालयः

(ग) आवेदन दिन चाहेको समूह तलकामध्ये कुनै एउटामा (√) चिह्न लगाउनुहोस् :

अ. जेहन्दार आ. विपन्न इ. दलित ई. पिछडिएका क्षेत्र वा दुर्गम भेगका बालबालिका उ. अल्पसङ्ख्यक वा अपाङ्ग ऊ. आदिबासी/जनजाति ए. सहिद परिवार वा जनआन्दोलनका घाइते वा बेपता परिवारको सन्तति वा मधेस आन्दोलनका घाइते/सन्तति

५ आर्थिक अवस्थाः

(क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय–आर्जनको व्यवस्था भए/ नभएको ..... ..... ..... .....

(ख) जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने सुविधा उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको वा नरहेको ..... ..... ..... .....

(ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामापर्ने र सो भन्दा कम आम्दानी भएको वा नभएको ..... ..... ..... .....

(घ) गरिब परिवार परिचयपत्र रहेको भएसोको नम्बरः

(ङ) भूमिसम्बन्धी ऐन २०२१बमोजिम (जग्गावालाले राख्न पाउने अधिकतम हदबन्दीकोतराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशतभन्दा कम खेतीयोग्य ) जग्गा रहेको वा नरहेको ..... ..... ..... .....

<u>आवेदन साथ पेश गर्नु पर्ने कागजातहरूको विवरण</u>

१. अघिल्लो कक्षाको मार्कसिट/ग्रेडसिटको प्रतिलिपि,

२) जुन समूह हो त्यससँग सम्बन्धित आधिकारिक निकायको सिफारिस पत्र वा प्रमाणपत्रको प्रतिलिपि,

३) विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र तथा अभिभावकको नागरिकता प्रमाणपत्र

३) स्थाइ ठेगाना खुलेको सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र ।

उपरोक्तानुसारको विवरण साँचो हो गलत ठहरे कानुन अनुसार सहुँला /बुझाउँला ।

विद्यार्थी वा अभिभावकको दस्तखतः

नामः

CamScanner